# ओमसतिया गाँउपालिकाबाट प्रदान हुने व्यक्तिगत तथा संस्थागत आर्थिक सहायता सम्वन्धि कार्यलाई व्यवस्थित गर्न वनेको विधेयक २०७९

ओमसतिया गाउँपालिका
हाटी फर्सटिकर, रुपन्देही
लुम्बिनीप्रदेश, नेपाल

व्यक्तिगत तथा संस्थागत आर्थिक सहायता सम्बन्धि ऐन २०७९
सभाबाट पारित मिति : २०७९/१०/२६

## प्रस्तावना :

ओमसतिया गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र पर्ने बिषय बिभिन्न व्यक्ति , समूह, संगठन तथा संघ संस्थाहरुको माग बमोजिम हुने नागरिक तथा संस्थागत सहायता वितरण कार्यलाई नियमित व्यवस्थित तथा पारदर्शी बनाउने सम्बन्धमा आवश्यक कानून बनाइ कार्यान्वयन गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम ओमसतिया गाउँपालिकाले व्यक्तिगत तथा संस्थागत आर्थिक सहायता सम्वन्धि ऐन बनाई लागु गरेको छ ।

### परिच्छेद – १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम **ओमसतिया गाउँपालिकाको व्यक्तिगत तथा संस्थागत सहायता ऐन, २०७९** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा र व्याख्या : बिषय वा प्रसंगले अर्कोअर्थ नलागेमा यस कार्यविधिमा उल्लेखित

(क) " गाउँपालिका" भन्नाले ओमसतिया गाउँपालिका सम्झनुपर्दछ ।

(ख) "कार्यपालिका " भन्नाले ओमसतिया गाउँ कार्यपालिका सम्झनुपर्दछ ।

(ग) "अध्यक्ष " भन्नाले ओमसतिया गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

(घ) "उपाध्यक्ष " भन्नाले ओमसतिया गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत " भन्नाले गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

(च) "आर्थिक सहायता" भन्नाले यस ऐन बमोजिमआर्थिक रुपले विपन्न वर्गलाई औषधि उपचार/काजकृया गर्ने प्रयोजनको लागि व्यक्तिगत रुपमागरिने सहयोग तथा विभिन्न संघ, संस्था समुहहरुलाई विभिन्न चाडपर्व मेला महोत्सव, खेलकुद लगायत धार्मिक तथा सास्कृतिक कार्यक्रम संचालनको लागि सामूहिक रुपमा उपलब्ध गराइने नगद एवम जिन्सी सहायता लगायत दफा ४(१) बमोजिमको क्षेत्रमा गरिने सहायता सम्झनुपर्दछ ।

(छ) "वडा" भन्नाले गाउँ पालिका को वडा कार्यालय सम्झनुपर्दछ ।

(ज) "सभा " भन्नाले गाउँपालिकाको गाउँसभा सम्झनुपर्दछ ।

(झ) "लक्षित वर्ग" भन्नाले दफा ४ बमोजिमको लक्षित वर्ग सम्झनुपर्छ।

## परिच्छेद-२
## आर्थिक सहायता सम्बन्धी मापदण्ड

**३. आवश्यक कागजपत्र र प्रमाण पेश गर्नुपर्नेः** आर्थिक सहायता पाउनको लागि योग्य, लक्षित व्यक्ति, समुह, संस्था वा संगठनले सम्बन्धित वडा कार्यलयको सिफारिसमा अनुसुची १ वा २ मा उल्लेखित ढाचामा निवेदन दिनुपर्नेछ । प्राप्त निवेदन उपर जाँचवुझ गर्दा दफा ४ अनुसार आर्थिक सहायता पाउन योग्य भएमा दफा ५ को सीमामा रहि आर्थिक सहायता प्रदान गरिनेछ।

**४. सहायता लक्षित बर्ग तथा क्षेत्रहरु :**

(१) यस गाउँपालिका बाट उपलब्ध गराइने आर्थिक सहायताका लक्षित बर्ग तथा साम्भाव्य क्षेत्रहरु देहाय बमोजिम हुनेछन ।

क) गाँउपालकाको क्षेत्रभित्र वसोवास गर्ने आर्थिक रुपमा विपन्न तथाजोखिममा रहेका व्यक्ति वा समुहको औषधिउपचार खर्च, निशुल्क विमा तथा काजकिरिया खर्च,

ख) मानवीय हित, कल्याण वा संरक्षणको दृष्टिले सहायता गर्नु पर्ने भनी पहिचान भएका व्यक्ति वा समुह,

(ग) गाँउपालिका क्षेत्र भित्र विपन्न नागरिकको कल्याण, बिकास वा उन्नतिको लागि गैर नाफा मुलक किसिमले संचालन गरिने सामाजिक क्रियाकलाप हरुमा सइलग्न सामुदायिक समुह संघ संगठनहरु,

घ) गाँउपालिका भित्र वसोवास गर्ने विभिन्न जाती समुदायका मेला पर्व लगायत परम्परा अनुसार गरिने समुहगत धार्मिक सास्कृतिक कार्यक्रमहरु तथा खेलकुद कार्यक्रमहरु

(ङ) प्राकृतिक प्रकोप, आकस्मिक घटना तथा दुर्घटनावाट प्रभावित भएका व्यक्ति तथा समुदायहरु

(च) कानुन अनुसार विवाह गर्ने उमेर पुगेपछि विवाह गर्न लागेका गाँउपालिकाको क्षेत्रभित्रका गरिव तथा विपन्न वर्गका महिलाहरु

(छ) उपयुक्त आधारहरुलाई समेत मध्यनजर गर्दै सहायता प्रदान गर्न अति आवश्यक भनी गाउँ कार्यपालिकाको बैठकको निर्णयबाट तोकिएका लक्षित व्यक्ति वर्ग, गैर नाफा मुलक सामुदायिक समुह संघ संस्थाहरु,

(ज) सामुहिक तथा संस्थागत स्वामित्वका भवन निर्माण, भवन मर्मत, पुल पुलेसा पाटि पौवा तथा पुराना पूर्वाधार को मरमत सम्भार लागायत संघ, संस्था तथा संगठन को भौतिक पूर्वाधार निर्माणका सबै क्षेत्रहरु ।

(झ) आर्थिक रुपले विपन्न, असहाय, अपाङ्गता भएका व्यक्ति, अभिभावक तथा संरक्षण विहिन वालवालिकाहरुको लागि शैक्षिक सहायता

(ञ) विभिन्न सुरक्षा निकाय तथा सामाजिक संस्थाका लागि इन्धन तथा मर्मत खर्च

(२) उपदफा १ मा उल्लेखित क्षेत्रहरुका अतिरिक्त अन्य विषयक्षेत्रसँग सम्वन्धित विषयमा सहायता माग भई आर्थिक सहायताको क्षेत्रभित्र पर्ने या नपर्ने भन्ने विषयमा द्विविधा उत्पन्न भएमा अध्यक्षको निर्णयलाई अन्तिम निर्णय मानिनेछ।

**५. सहायता वितरणको सीमा :**

(१) दफा ३ बमोजिमप्राप्त निवेदन र प्रमाण उपर छानविन गरी उपर्युक्त लागेमा देहाय अनुसारको आर्थिक सहायता वितरण गर्न सकिनेछ।

(क) रु ५००० हजार सम्मको आर्थिक सहायता प्रमुख प्रशासकीय अधिकृतले

(ख) रु १० हजार सम्मको आर्थिक सहायता अध्यक्षले

(ग) रु १० हजार भन्दा वढी रु १ लाखसम्मको सहायता उपलब्ध गराउन परेमा कार्यपालिकाको निर्णय वमोजिम।

तर संस्थागत तथा सामुहिक रुपमा आयोजना गरिने विगतका वर्षदेखि संचालन भई आएका गाँउपालिकास्तरीय धार्मिक तथा सास्कृतिक पर्व, मेला, महोत्सवका साथै आकस्मिक भौतिक निर्माण कार्यको लागि सम्वन्धित शिर्षकमा एकमुष्ट रुपमा वजेट विनियोजन भएको अवस्थामा कार्यपालिकाले निर्णयले रु ५ लाख सम्म सहायता उपलब्ध गराउने गरी प्रस्तावना स्वीकृत गर्न सक्नेछ।

(२) आर्थिक रुपमा विपन्न परिवारको काजकिरिया गर्ने प्रयोजनको लागि नजिकको हकदारलाई अवस्था हेरिकन वढीमा रु १० हजार

वरावरकोनगदै रकम वा जिन्सी वा दुवैगरी रु १० हजार रकम नवढ्ने गरी सहायता उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा १ मा जुनसुकै कुरा उल्लेखित भएपनि कार्यपालिका बाट निर्णय भई अधिकार प्रत्यायोजन भएमा प्रमुख प्रशासकीय अधिकृतले रु १० हजारसम्म र अध्यक्षले रु २५ हजार सम्मको आर्थिक सहायताको लागि स्वीकृति दिन सक्नेछ।

(४) संघ संस्था तथा सुरक्षा निकायवाट ईन्धन र सवारी मर्मत खर्च माग भएको अवस्थामा प्रमाणित लगवुक, मर्मत आदेश र विलको आधारमा गाँउपालिकाको क्षेत्रभित्र भएकोलाई मासिक २० लिटरमा नवढ्ने गरी ईन्धन र चौमासिक रुपमा रु १५ पन्ध्र हजार रुपैया नवढ्ने गरी मर्मत खर्च र गाँउपालिकाको क्षेत्रभित्र कार्यालय नरहि गाँउपालिकाको क्षेत्र हेर्ने जिम्मेवारी भएको सुरक्षासँग सम्वन्धित कार्यालयको हकमा मासिक १५ लिटरमा नवढ्ने ईन्धन र वार्षिक रु २५ हजार रुपैयामा नवढ्ने गरी औचित्यताको आधारमा उपलब्ध गराउन सकिनेछ।

(५) यस स्थानीय तहभित्र घटेका विपदजन्य घटनाहरुको लागि क्षतिको आधारमा वढीमा रु २५ हजारसम्म र स्थानीय तहको क्षेत्र वाहिरको भएमा अवस्था हेरिकन वढीमा रु १० हजारसम्म यस दफाकै सीमाभित्र रहि उपलब्ध गराउन सकिनेछ।

(६) यस स्थानीय तह वाहिरको क्षेत्रमा आयोजना गरिने विभिन्न कार्यक्रमहरुको हकमा समेत यसै दफाको अधिनमा रहि अध्यक्षले निर्णय गरि सहायता प्रदान गर्न सक्नेछ भने उपरोक्त सीमाभन्दा वढीको रकमको लागि कार्यपालिका वैठकमा पेश गर्नपर्नेछ।

६. आवश्यक कागजपत्रहरु

(१) गाँउपालिकावाट प्राप्त हुने आर्थिक सहायताको लागि देहाय अनुसारका कागजपत्रहरु पेश गर्नुपर्नेछ।

(क) अनुसुची वमोजिम निवेदन र निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी

(ख) सम्वन्धित वडा कार्यालयको सिफारिसपत्र

(ग) संस्था भएमा दर्ता प्रमाणपत्र र करचुक्ताको कागजपत्र

(घ) समिति वा सामुदायिक समूहको हकमा निर्णयको प्रतिलिपी

(ङ) आर्थिक रुपमा गरिव तथा विपन्नको हकमा नेपाल सरकार वा आधिकारिक निकायबाट जारी भएको परिचयपत्र वा सो उपलब्ध नभएसम्मको लागि सम्वन्धित वडा कार्यालयबाट गरिव तथा आर्थिक रुपमा विपन्न वर्गमा पर्ने भनि किटान भएको प्रमाणित पत्र

(च) काजकिरियाको लागि मृत्यु दर्ता प्रमाणपत्र, सबैभन्दा नजिकको हकदार सँगको नाता खुल्ने कागजपत्र, हकदारको नागरिकता प्रमाणपत्र, गरिव तथा विपन्न वर्ग भन्ने उल्लेख भएको सिफारिस

(छ) विपदजन्य घटनाको लागि क्षतिको विवरण सहितको प्रहरी सर्जमिन मुचुल्का

(ज) औषधि उपचारको लागि प्रदान गरिने सहायताको लागि सम्वन्धित स्वास्थ्य संस्थामा परीक्षण भएको प्रमाण तथा विल भर्पाईहरु

(झ) कार्यालयले माग गरेबमोजिमका अन्य कागजपत्रहरु

(२) कार्यालयले विपन्न नागरिकहरुको औषधिउपचार गर्ने प्रयोजनको लागि निशुल्क स्वास्थ्य विमा गर्ने कार्यक्रमलाई प्रोत्साहित गर्नुपर्नेछ।

(३) औषधि उपचार गर्दा आकस्मिक घटना र उपचार सम्भव नभएको अवस्थामा वाहेक अन्य अवस्थामा सरकारी तथा सामुदायिक अस्पतालमा उपचार गराएको व्यक्तिलाई मात्र सम्वन्धित स्वास्थ्य संस्थामा परीक्षण गराएको कागजपत्र र विल भरपाईका आधारमा भुक्तानी गर्नपर्नेछ।

## परिच्छेद-३
## विविध

**७. विवरण पेश गर्नु पर्ने :**

१.यस ऐन बमोजिम कार्यालयवाट वितरण भएका आर्थिक सहायताका विवरण अनुसुची ३ बमोजिमको ढाँचामा आर्थिक प्रशासन शाखाले अभिलेख राख्नु पर्नेछ ।

२.गाउँपालिकाको कार्यालयबाट वितरण भएका आर्थिक सहायताहरुको एकमुष्ट विवरण प्रमुख प्राशासकीय अधिकृतले चौमासिक रुपमा कार्यपालिकाको बैठकमा पेश गरि स्वीकृत गराउनु पर्नेछ ।

३.गाउँकार्यपालिकाबाट वितरित आर्थिक सहायताको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गरि आवश्यक निर्देशन गर्न सक्नेछ ।

८. **आर्थिक सहायताको दुरुपयोग गर्न नहुने:**

(१) यस गाउँ पालिकाबाट जुन प्रयोजनका लागि जे जति रकम आर्थिक सहायताको रुपमा प्राप्त गरको हो सोहि प्रयोजनका लागि सो रकम खर्च गरेको हुनुपर्नेछ। आर्थिक सहायताको दुरुपयोग गरेको पुष्टी भएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(२) आर्थिक सहायता प्रदानको लागि सिफारिस गर्ने र निर्णय गर्ने अधिकारीले सहायताको दुरुपयोग गर्न पाईने छैन । दुरुपयोग भएको पुष्टी भएमासिफारिसकर्ता तथा निर्णय गर्ने अधिकारीहरुको मासिक तलव भत्तावाट समेत असुलोपर गर्न वाधा पुग्ने छैन।

९. **सम्वन्धित खर्च शिर्षकबाट मात्र व्यय हुने** : आर्थिक सहायताको व्यय विनियोजित बजेटको सम्बन्धित शिर्षकमा वजेट पर्याप्त भएको अवस्थामा उक्त शिर्षकबाट मात्र हुनेछ ।

१०. **यसै ऐन बमोजिम भए गरेको मानिने** : यो ऐन स्वीकृत हुनु भन्दा अघि कार्यपालकाको निर्णय वमोजिम र कार्यपालिकाको प्रत्यायोजित सीमामा रहि कार्यालयवाट प्रदान गरिएका आर्थिक सहायता समेत यसै ऐन वमोजिम भए गरेको मानिने छ ।

११. **नियम, मापदण्ड तथा कार्यविधी जारी गर्न सक्ने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि कार्यपालिकले मापदण्ड, नियमावली तथा कार्यविधि वनाई लागू गर्न सक्नेछ।

१२. **अधिकार प्रत्यायोजन गर्न सकिनेः** यस ऐन वमोजिमको आर्थिक सहायता सम्वन्धी थप अधिकार नगर सभावाट कार्यपालिकालाई, कार्यपालिकाबाट अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सकिनेछ।

१३. **बाधा अड्काउ फुकाउः** यस ऐन कार्यान्वयनको शिलशिलामा कुनै समस्या परेमा बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकालाई रहनेछ।

१३. खारेंजी र बचाउ

संघीय वा प्रादेशिक व्यवस्थापिकाले निर्माण गरेको कानुन बिपरित भएका दफा सोहि अनुसार खारेजी वा परिमार्जित गर्न सकिने छ ।

## अनुसूची – १ (व्यक्तिको हकमा)
## (दफा ३ संग सम्बन्धित )

मिति :

श्रीमान अध्यक्षज्यू ,
ओमसतिया गाउँ कार्यपालिकाको कार्यालय
रुपन्देही ।

बिषयः आर्थिक सहायता उपलब्ध गराई पाउँ ।

प्रस्तुत बिषयमा ........................................स्थायी ठेगाना भएको ........................................को छोरा मेरो ................................नाता पर्ने/म स्वयम...........................लाइ ..................................गर्नुपर्ने भएको र सोका लागि हाम्रो आर्थिक अवस्था अत्यन्त कम्जोर रहेको हुँदा उक्त कामका लागि रु. .......................(अक्षेरपी.रु ..................................) उपलब्ध गराइदिनु हुन् तपशिलको प्रमाण कागजात संलग्न गरी यो निबेदन पेश गरेको छु । साथै मेरा यस गाउँपालिका संग सम्बन्धित तिर्नु पर्ने वा फछ्र्यौट गर्नु पर्ने कर, महशुल, बक्यौता वा पेश्की बेरुजु बाकि नरहेको जानकारी गराउदै प्राप्त सहायोग रकम जुन प्रयोजनकालाइ प्राप्त गरेको हो सोहि प्रयोजनका लागि खर्च गर्ने र सो नगरेकोपाइएमा जुनसुकै कारवाही, सजाय वा जरिवाना सहन, भोग्न वा तिर्न बुझाउन सहमत भएको व्यहोरा समेत अनुरोध छ ।

भवदीय
दस्तखत :
नाम थर :
स्थायी ठेगाना :
सम्पर्क मो.नं

तपशिलः
१. नेपालि नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
२. सम्बन्धित वडा कार्यालयको आर्थिक सहायता गराउनु पर्ने कारण, आधार र प्रमाण समेत खुलेको सिफारिस पत्र ।
३. बिल भर्पाई लगायतका आवश्यक काग जातहरु ।

अनुसूची – २

( संगठित संस्थाको हकमा)

(दफा ३ संग सम्बन्धित )

मिति :

श्रीमान अध्यक्ष / प्रमुख प्रशासकीय अधिकृत ज्यू ,
ओमसतिया गाउँ कार्यपालिकाको कार्यालय
रुपन्देही ।

बिषय : आर्थिक सहायता उपलब्ध गराइदिनु हुन ।

प्रस्तुत बिषयमा ..............................स्थायी ठेगाना रहेको ..............................संस्था/समुह/संघलाइ ..................................गर्नु पर्ने भएकालेसंस्था / समुह / संघ बाट विनियोजित रकम अपुग भएकोले सो प्रयोजनकालागि रु . रु. ......................(अक्षरेपी रु .........................) उपलब्ध गराइदिनु हुन तपशिलको प्रमाण कागजात संलग्न राखी यो निबेदन पेश गरिएको छ । यस संस्थाको यस गाउँपालिका सँग सम्बन्धित तिर्नु बुझाउन वा फछ्र्यौट गर्नु पर्ने कर, महशुल, बक्यौता वा पेश्की बेरुजु बाकि नरहेको , नियमानुसार गाउँपालिकाको कार्यालय वा प्रदेश वा केन्द्र सरकारको आधिकारिक निकायमा भएको अवगत गराउदै प्राप्त सहायोग रकम जुन प्रयोजनका लागि लाइ प्राप्त गरेको हो सोहि प्रयोजनका लागि खर्च गरिने व्यहोरा समेत अनुरोध छ ।

भवदीय
दस्तखत :
नाम थर :
स्थायी ठेगाना
सम्पर्क मो.नं

तपशिलः

१. नेपालि नागरिकताको प्रमाण पत्रको प्रामाणित प्रतिलिपि ।

२. सम्बन्धित वडा कार्यालयको आर्थिक सहायता गराउनु पर्ने कारण, आधार र प्रमाण समेत खुलेको सिफारिस पत्र

३. संस्था दर्ता प्रमाणपत्र/समितिको निर्णय लगायत आवश्यक कागजातहरु ।

अनुसूची – ३

(दफा ७ संग सम्बन्धित )

| क.स. | सहायता पाउने व्यक्ति वा संस्थाको नाम थर | ठेगाना | सम्पर्क न. | सहायता लिएको रकम | प्रयोजन | खर्च शिर्षक |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |